# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः ८ मितिः २०८०।१०।१६


**भाग - २**

# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यबिधि,२०८०

शिवराज नगरपालिकाको **नगर प्रहरी ऐन,२०७९** को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो **"नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यबिधि,२०८०"** बनाई लागू गरेको छ।

# नगर प्रहरी संचालन तथा ब्यवस्थापन कार्यबिधि,२०८०

<u>नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/२४</u>

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :

१. यस कार्यविधिको नाम **"नगर प्रहरी संचालन तथा ब्यवस्थापन कार्यबिधि,२०८०"** रहेको छ।

२. यो कार्यबिधि शिवराज नगर कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ।

२. <u>परिभाषा</u> :

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क. **"ऐन"** भन्नाले **स्थानीय सरकार संचालन ऐन,२०७४** लाई सम्झनु पर्दछ।

ख. **"नगरपालिका"** भन्नाले शिवराज नगरपालिकालाई सम्झनु पर्दछ।

ग. **"कार्यालय"** भन्नाले नगरपालिका रहेको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ।

घ. **"समिति"** भन्नाले नगरपालिकाको यस कार्यबिधि बमोजिम गठित पदपूर्ती समितिलाई सम्झनु पर्दछ।

ङ. **"नगर प्रहरी"** भन्नाले नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

च. **"भत्ता"** भन्नाले शिवराज नगरपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

छ. **"आर्थिक वर्ष"** भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ज. **"कार्यपालिका"** भन्नाले **स्थानीय सरकार संचालन ऐन,२०७४** बमोजिम गठन भएको शिवराज नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

झ. **"नगरसभा"** भन्नाले नगरपालिकाको सभा सम्झनु पर्दछ।

ञ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

ट. **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

ठ. **"जवान"** भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्दछ।

ड. **"नगर प्रहरी कर्मचारी"** भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्दछ।

३. <u>कार्यबिधिको ब्याख्या नगर कार्यपालिकाले गर्ने</u> :

१. कुनै अधिकारीले यस कार्यबिधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ।

२. कार्यबिधिको बुँदा ३(१) को सम्वन्धमा नगर कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ।

## परिच्छेद-२
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

४. <u>नगर प्रहरी सेवाको गठन</u> :

नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ।

५. <u>नगरपालिकामा रहने नगर प्रहरीको पद र तह</u> :

१. नगर सभाले तोकेको पद र तह रहने छन्।

२. नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ।

३. नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद—३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

६. <u>नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार</u> :

१. नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

२. नगरपालिकाको सम्पत्तीको सुरक्षा र संरक्षण गर्ने,

३. स्थानीय स्तरमा हुने सभा समारोह, परम्परागत जात्रा तथा चाडपर्वको सुरक्षा ब्यवस्थापन गर्ने,

४. स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र ब्यवस्थापन गर्ने,

५. नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

६. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने,

७. सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा गर्ने,

८. विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुर्नःस्थापना गर्ने,

९. अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

१०. १०.छाडा चौपायको नियन्त्रण,

११. ११.अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ती अतिक्रमण रोकथाम तथा नियन्त्रण,

१२. १२.सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने,

१३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ/ छैन निरीक्षण गर्ने। निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने,

१४. नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाणपत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने। मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने,

१५. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडे गलेको खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडे गलेका हानिकारक चिज वस्तु विक्री गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने। पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने,

१६. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु विक्री वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने,

१७. छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने।

१८. खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिम पूर्ण घर पर्खाल भए सो को लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने,

१९. वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृती हटाउने कार्य गर्ने गराउने,

२०. नगर कार्यपालिका, समिति, उप समिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने,

२१. ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने,

२२.शिवराज नगरक्षेत्रमा भित्तेलेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने,

२३.नगरपालिकाले संचालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने,

२४.नापतौलका सामाग्रीको चेकजाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने,

२५.होटल, रेष्टुरेन्ट, गेष्टहाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने,

२६.नगरपालिकाक्षेत्र भित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने,

२७.नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने,

२८.अरुलाई बाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने,

२९.शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने,

३०.दमकल (Fire Brigade) सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने,

३१.विपद् महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने,

३२.नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने,

३३.नगरपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने,

३४.माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने,

३५.नगरपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

## परिच्छेद—४
## तह विभाजन र पदपुर्ती

**७. नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृया :**

१. नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगर सभाले निर्णय गरे बमोजिम हुनेछ।

२. श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नुभन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्य बोझ सम्हाल्न सक्ने/नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ।

**८. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :**

यो कार्यबिधि लागू भई प्रथम पटकको लागि नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ती गरिनेछ।

क. नगर प्रहरी सहायक निरीक्षक -१ जना

ख. नगर प्रहरी हवल्दार - १ जना

ग. नगर प्रहरी जवान - ४ जना

पदपूर्ति समितिको बैठकमा आवश्यकता अनुसार यस क्षेत्रसँग सम्बन्धित अन्य व्यक्तिलाई आमन्त्रीत गर्न सकिनेछ।

**९. पदपूर्ति प्रक्रिया :**

नगर प्रहरी करार सेवाको पदमा शत प्रतिशत खुल्ला प्रतियोगिताद्धारा पदपूर्ती गरिनेछ र पदपूर्ती प्रक्रियामा सहभागी हुन योग्य उम्मेद्वारहरुको लिखित परीक्षाको पूर्णाङ्क ५० हुनेछ। उम्मेदवारहरुको मौखिक र शारिरीक तन्दुरुस्ती परीक्षणको पूर्णाङ्क क्रमशः २५ र २५ हुनेछ । उम्मेदवार लिखित परीक्षामा समावेश हुनका लागि प्रारम्भिक शारिरीक परीक्षणमा सफल भएको हुनु पर्नेछ।

**१०. खुल्ला प्रतिस्पर्धाद्धारा पदपूर्ती :**

खुल्ला प्रतियोगिताद्धारा पदपूर्ती गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पद मध्ये पैंतालिस प्रतिशत पद छुटयाई सो प्रतिशतलाई शत प्रतिशत मानि देहाय बमोजिमका उम्मेदवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

क. महिला - ३३ प्रतिशत

ख. आदिवासी/जनजाती -३० प्रतिशत

ग. दलित - २० प्रतिशत

घ. अल्पसंख्यक/ पिछडावर्ग -१७ प्रतिशत

<u>**स्पष्टीकरण**</u> :

१. यस कार्यबिधिको प्रयोजनको लागि महिला आदिवासी, जनजाती, भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी/जनजाति, दलितलाई सम्झनु पर्दछ।

२. बुँदा (११) बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ। तर त्यसरी नतोके सम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति, र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ।

३. बुँदा (११) वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा तोकिए बमोजिमका प्रमाण संलग्न हुनु पर्नेछ।

४. आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाती बाहेक अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/ जनजाती भनि प्रमाणित भएको।

५. दलितका लागि राष्ट्रिय रुपमा स्पष्ट खुलेको जाति बाहेक दलित आयोगबाट दलित भनि प्रमाणित भएको।

६. बुँदा (११) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घातांक(फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सो भन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ।

७. बुँदा (११) वमोजिम छुटयाइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पदसंख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ।

**११. <u>खुल्ला प्रतिस्पर्धामा भाग लिन सक्ने व्यक्तिहरु</u> :**

नगर प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

१. दरखास्त आब्हान भएको मिति सम्म १८ वर्ष उमेर पुरा भई २४ वर्ष ननाघेको। तर नगर प्रहरी सहायक निरिक्षक पदका लागि नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा नेपाल भन्दा बाहिरी देशको सेना तथा प्रहरीबाट अवकाश लिइ आएको नेपाली नागरिकको हकमा ३५ बर्ष ननाघेको।

२. नगर प्रहरी सहायक निरीक्षक पदको लागि स्वीकृत विश्वविद्यालयबाट प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण गरेको र नगर प्रहरी हवल्दार तथा नगर प्रहरी जवान पदको लागि एस.एल.सी. वा सो सरह उतिर्ण गरेको।

३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

४. कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

५. मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

६. महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

७. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा घटीमा ३३ इन्च भएको।

८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

९. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

१०. नेपाली नागरिकता प्रमाणपत्र पाएको।

## १२. पदपूर्ति समिति :

नगरपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

ग. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधी र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रीत गरिनेछ।

## १३. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :

१. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क. नगर प्रहरी पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्नेर आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिनेछ।

ख. पदपूर्ति कार्य तालिका बनाउने।

ग. परीक्षाको किसिम तोक्ने।

घ. पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने।

ङ. शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने।

च. नियुक्तीका लागि सिफारिस गर्ने।

२. पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

३. खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी सूचना प्रकाशित गर्नुपर्नेछ।

**१४. <u>नियुक्ति र अवकास</u>:**

१. उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ।कुल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

२. कार्यविधिको बुँदा१३(१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ।

३. नियुक्ति/सम्झौताको लागि सिफारिस भएको मितिले पैंतिस दिनभित्र नगर कार्यपालिकाले नियुक्ति/सम्झौता-पत्र दिने निर्णय गरी सक्नु पर्नेछ।

४. कार्यविधिको बुँदा१३(३) वमोजिम निर्णय भएको मितिले सात दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछ।

५. नियुक्ति/सम्झौताको लागि सिफारिस भएका उम्मेदवारहरुलाई ६ महिनाको करार अवधिको लागि नियुक्ति दिईनेछ।काम सन्तोषजनक भएमा ६/६ महिनामा करार म्याद थप गरिनेछ।

६. वैकल्पिक उम्मेदवारहरुले ६ महिना सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतःखारेज हुनेछ।

७. कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौता गर्ने अधिकारीले अवकाश दिन सक्नेछ।

## परिच्छेद—५

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

**१५. <u>नगरपालिका प्रशासनको नियन्त्रण रहने</u> :**

नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

**१६. <u>नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने</u> :**

नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ।

**१७. कारवाही गर्दा परामर्श लिने :**

कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासन हीनताको कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ।

## परिच्छेद—६
## विदा

**१८. विदा अधिकारको कुरा होइन :**

१. नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन।

२. कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तज बीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

३. विदाको किसिमहरु :

नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन् :

क. विरामी विदा

ख. किरिया विदा

ग. प्रसुती विदा

घ. सट्टा विदा

**१९. बिरामी विदा :**

१. नगर प्रहरी कर्मचारीले प्रत्येक महिनामा १ दिन विरामी विदा विदा पाउनेछ।

२. विरामी विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

**२०. किरिया विदा :**

१. नगर प्रहरी कर्मचारी आँफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउनेछ।

२. किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

**२१. प्रसूती विदा :**

१. महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ।

२. प्रसूती विदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

३. प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ, साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ।

४. उल्लेख भए अनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ।

**२२. <u>सट्टा बिदा</u> :**

कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले पालोमिलाई सट्टाविदा दिन सक्नेछ।तर यस्तो सट्टा विदा एकपटकमा दुई दिन भन्दा बढी हुने छैन।

**२३. <u>विदा दिने अधिकारी</u> :**

विदा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

**२४. <u>सार्वजनिक विदा गाभिने</u> :**

कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा बसेको मानिनेछ।

**२५. <u>कार्यालयमा अनुपस्थित हुने उपर कारवाही</u> :**

विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलव कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ।

**२६. <u>विदा लिने बिधि</u> :**

१. यस परिच्छेद बमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण भए सो समेत खोली रीत पूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।विदा स्वीकृत भए/नभएको जानकारी सम्वन्धित शाखा प्रमुखले सम्वन्धित नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

२. कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखि मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ।

**२७. <u>विदाको अभिलेख</u> :**

विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताब खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।

२८. <u>झुठो कारण देखाएमा सजाय हुने</u> :

कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ।

२९. <u>तालिम अवधिमा विदा वस्ने वारे</u> :

यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदा बाहेक साधारणतया अरु कुनै विदा दिइने छैन।

## परिच्छेद—७

## आचरण

३०. <u>दान उपहार लिन नहुने</u> :

आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृती विना स्वदेशी तथा विदेशी संघ/संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन।

३१. <u>चन्दा लिन नहुने</u> :

कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृती विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा मागन अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनु हुँदैन।

३२. <u>सम्पत्तिको विवरण दिनुपर्ने</u> :

हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र, नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र र बार्षिक रुपमा नगरपालिकाले तोकिएको कर्मचारी समक्ष सम्पत्तीको विवरण बुझाउनु पर्नेछ।

३३. <u>व्यापार व्यवसाय गर्न नहुने</u> :

कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैनः

१. कुनै व्यापार गर्न,

२. कुनै फर्मको हिस्सेदार वा संचालक हुन,

३. कुनै व्यवसाय चलाउन।

३४. <u>नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने</u> :

नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ/संस्थाबाट प्राप्त गरेको वा आँफैले

लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुँदैन।

**३५. रेडियो वा पत्रपत्रिकासँग सम्पर्क राख्न नहुने :**

नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन।तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरे पछि जाहेरी गर्नु पर्दछ।

**३६. नगरपालिकाको आलोचना :**

नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन।

**३७. निर्वाचनमा भाग लिन नहुने :**

नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन।तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

**३८. राजनीतिमा भाग लिन नहुने :**

नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

**३९. समयपालन र नियमितता :**

नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

**४०. अनुशासन र आज्ञापालन :**

१. नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नु पर्दछ।

२. नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकता साथ पालना गर्नु पर्दछ।

३. नगर प्रहरी कर्मचारीले आफू भन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्नेछ।

**४१. <u>नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने</u> :**

नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफू भन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन।

**४२. <u>बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध</u> :**

नगर प्रहरी कर्मचारीले **मुलुकी देवानी (संहिता) ऐन,२०७४** बिपरीत हुने गरी बिवाह गर्नु गराउनु हुँदैन।

## परिच्छेद—८
## सजाय र पुनरावेदन

**४३. <u>सजाय</u> :**

उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

१. नसिहत दिने।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने।

३. तलव वृद्धि रोक्का गर्ने।

४. तल्लो तहमा घटुवा गर्ने।

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

**४४. <u>नसिहत दिने वा प्रतिकूल राय लेख्ने</u> :**

नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ।दुई पटक सम्म नसिहत दिंदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

**४५. <u>तलब रोक्का</u> :**

नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब रोक्का गर्न सक्नेछ।

**४६. <u>दर्जा र तलब घटाउने</u> :**

कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पदमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ।

क. सन्तोषजनक काम नगरेमा।

ख. अनुशासनहीन काम गरेमा।

ग. आचरण सम्वन्धी कार्यबिधि उल्लंघन गरेमा।

घ. दिएको आदेश,निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

ङ. मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा।

च. लापरवाही गरेमा वा नियम,आदेशको पालना नगरेमा।

**४७. <u>नोकरी बाट हटाउने वा बर्खास्त गर्ने</u> :**

देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ।

क. अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा,

ख. राजनीतिमा भाग लिएमा,

ग. वरावर अनुशासन हीनताको काम गरेमा,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

ङ. डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,

च. भ्रष्टाचार गरेमा,

छ. आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

ज. आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा,

झ. मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैर हाजिर भएमा।

**४८. <u>सजाय सम्बन्धी कार्यविधि</u> :**

१. नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

२. नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ।त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नु पर्नेछ।तर भागी पत्ता

नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस कार्यविधि वमोजिमको कार्यविधिको रीत पुर्याउनु पर्ने छैन।

३. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचना सम्म दिनुपर्नेछ।

४. सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन।

५. सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ।जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ।

६. कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी स्वतःबर्खास्त हुनेछ।

**४९. <u>सजायको आदेश दिने</u> :**

जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निज सित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

## परिच्छेद—९
## तलब, भत्ता

**५०. <u>तलब भत्ता</u> :**

१. नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको मितिदेखि तलब भत्ता पाउनेछ।तलव र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई नगरपालिकाले तोके अनुसार हुनेछ।

२. कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मिति देखिको तलब,भत्ता र राशन पाउने छैन।

## परिच्छेद–१०
## तालिम

**५१. तालिमको व्यवस्था :**

नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन शिवराज नगरपालिकाले तोकिए बमोजिमको आवश्यकता अनुसार अन्य तालिमहरु पनि दिन सकिनेछ।

**५२. आन्तरिक तालिम :**

एकै पटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद–११
## पोशाक

**५३. नगर प्रहरी पोशाक :**

नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ। हरेक बर्ष १ सेट पोशाक उपलब्ध गराईनेछ।

**५४. प्रारम्भिक पोशाक र सामान :**

प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ।

**५५. जाडो मौसमका लागि दिइने पोशाक :**

प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ। हरेक तीन बर्षको लागि एकसेट पोशाक उपलव्ध गराईनेछ।

**५६. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :**

नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट वमोजिम सिलाई ज्याला दिइनेछ।

**५७. नगर प्रहरीको पोशाक सट्टा भर्ना :**

नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिइनेछ।

## परिच्छेद—१२
## विविध

**५८. पुरस्कार :**

नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ।

**५९. चाडपर्व खर्च पाउने :**

नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ।

**६०. अन्य सुविधा तथा व्यवस्था :**

नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**६१. बाधा अड्काउ फुकाऊ :**

शिवराज नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हद सम्म यसै कार्यविधि बमोजिम हुनेछ।यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**६२. कार्यविधि संशोधन :**

यस कार्यविधिमा आवश्यक संशोधन शिवराज नगर कार्यपालिकाले गर्न सक्नेछ।

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**